# गंगादेव गाउँपालिका सामुदायिक औषधि पसल सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

(गाउँ कार्यपालिकाको बैठकबाट पारित: मिति २०७६।०१।२०)

## गंगादेव गाउँपालिका

रोल्पा

२०७६ वैशाख

## प्रस्तावनाः

नेपालको संविधान २०७४ मा रहेका स्वास्थ्य सम्वन्धी हकलाई प्रवर्द्धन गर्दै गाउँपालिका भित्रका सबै नागरिकहरुलाई सहुलित दरमा औषधी उपलब्ध गराई स्वास्थ्य उपचारमा पहुँच अभिवृद्दि गर्ने वान्छनिय रहेकोले गंगादेव गाउँपालिकाको मिति २०७६।०१।२० गतेको बैठकले यो "गंगादेव गाउँपालिका सामुदायिक औषधी पसल संचालन सम्बन्धी कार्यविधि २०७६" पारित गरि लागु गरेको छ ।

## प्रारम्भिकः

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम सामुदायिक औषधी पसल संचालन सम्वन्धी कार्यविधि २०७६ रहेको छ ।

ख) यो गाउँ कार्यपालिकाको वैठकले पारित गरेको मिति देखि प्रारम्भ हुने छ ।

२. परिभाषा र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा रहेका देहायका बिषयहरु निम्नानुसार हुनेछन ।

क) "गाउँपालिका" भन्नाले: गंगादेव गाउँपालिकालाई जनाउने छ ।

ख) "अध्यक्ष" भन्नाले: सामुदायिक औषधि पसल संचालन गर्नलाई गठित समितिको अध्यक्षलाई जनाउछ ।

ग) "सचिव" भन्नाले: सामुदायिक औषधि पसल संचालन गर्नलाई गठित समितिको सचिवलाई जनाउछ ।

घ) "कोषाध्यक्ष" भन्नाले: सामुदायिक औषधि पसल संचालन गर्नलाई गठित समितिको कोषाध्यक्ष लाई जनाउछ ।

ङ) "सदस्य" भन्नाले: सामुदायिक औषधि पसल संचालन गर्नलाई गठित समितिको सदस्यहरुलाई जनाउछ ।

च) "संचालन समिति" भन्नाले: सामुदायिक औषधि पसल संचालन गर्नको लागि गठित समितिलाई जनाउछ ।

छ) "औषधि" भन्नाले: निरोगिका लागि प्रयोग गरिने रासायनिक तथा अरासायनिक पदार्थलाई औषधि जनाउँछ।

ज) "वडा कार्यालय" भन्नाले: गंगादेव गाउँपालिका भित्र रहेका वडाहरुलाई जनाउँछ ।

झ) "गा. वि. स." भन्नाले: साविकका गाउँ विकास समितिलाई जनाउँछ ।

ञ) "फौजदारी अभियोग" भन्नाले: मारपिट चोरी डकैति रजनि र करनी जस्ता सरकारबादी अभियोगलाई जनाउँछ ।

३. सामुदायिक औषधि पसलको उदेश्य र कार्य:

**सामुदायिक औषधि पसलको उदेश्य देहाय बमोजिम छन् ।**

क) यस सामुदायिक औषधि पसलबाट सहुलियत दरमा सर्वसुलभ रुपमा जनतालाई सेवा सुविधा दिईने छ ।

ख) जनतालाई आवश्यक पर्ने औषधि लगायत अन्य औजारहरु यस सामुदायिक औषधि पसल बाट उपलब्ध गराइने छ ।

**सामुदायिक औषधि पसलको कार्य देहाय बमोजिम छन् ।**

क) सामुदायिक औषधि पसल बाट जनताहरु संग चेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

ख) यस सामुदायिक औषधि पसलबाट गाउँपालिकाको समन्वयमा अन्य वडाहरुमा पनि माग गरेमा विशेषज्ञ डाकटरबाट आबश्यक स्वास्थ्य सेवा निशुल्क रुपमा प्रदान गरिनेछ ।

ग) यस सामुदायिक औषधि पसल मार्फत कुनै संघ संस्था वा व्यक्तिको सहयोगमा शिविर संचालन गरिने छ ।

घ) यस सामुदायिक औषधि पसल बाट जैष्ठ नागरिक, अपाङ्ग, असक्त, द्वन्द्धपिडित हरुलाई गाउँपालिका तथा वडा कार्यालयको सिफारिसमा नि-शुल्क औषधि वितरण गरिनेछ ।

ङ) यस सामुदायिक औषधि पसलबाट एउटा कोष संचालन गरिनेछ, जसलाई गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, व्यक्ति, प्रदेश सरकार तथा केन्द्र सरकारले सहयोगमा रहनेछ ।

४. **संचालक समिति व्यवस्था:** गंगादेव गाउँपालिका सामुदायिक औषधि पसल संचालनको लागि समितिको गठन गाउँपालिकाको निर्णय अनुसार हुनेछन् । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन ।

क) गाउँपालिका अध्यक्षले तोकेको गाउँकार्यपालिका सदस्य एक जना ......... अध्यक्ष

ख) गाउँ कार्यपालिका सदस्य मध्ये बाट एक जना .................. सदस्य

ग) जिनावाङ स्वास्थ्य चौकी प्रमुख बाट एक जना ................ सदस्य

घ) गाउँपालिका क्षेत्र भित्रबाट एक जना महिला र एक जना पुरुष गरि दुई जना ............. सदस्य

ङ) सम्वन्धित स्वास्थ्य चौकी कार्मचारी बाट एक जना .................... सदस्य

च) सम्बन्धित स्वास्थ्य चौकीमा कार्यरत ल्याव टेक्निसियन कार्मचारी एक जना ............. सदस्य

**४.१ समितिको पदावधि सम्बन्धि व्यवस्था:**

क) सामुदायिक औषधि पसल संचालक समिका पदावधि २ बर्ष रहनेछ आवश्यक परेमा कार्यपालिकाले एक बर्ष म्याद थप गर्न सक्नेछ ।

ख) समितिको बैठक प्रतेक महिनाको दोस्रो आइतवार बस्नेछ ।

४.२ समितिको पद देहायको अवस्थामा यस सामुदायिक औषधि पसलका सदस्यहरुको पद मुक्त हुनेछन:

(क) अनैतिक काम गरेमा ।

(ख) समितिको बैठकमा लगातार ३ पटक सम्म अनुपस्थिति रहेमा ।

(ग) फौजदारि अभियोग लागेमा ।

(घ) सदस्यले लिखित रुपमा राजिनामा दिएमा ।

(ङ) निजको मृत्यु भएमा ।

(च) निजले समितिको नाममा रहेको चल वा अचल सम्पती अनियमितता वा दुरुपयोग गरेमा ।

**४.३ समितिका पदाधिकारीहरुको काम र कर्तव्य:**

**क) अध्यक्षको काम कर्तव्य र अधिकार:**

- ❖ सामुदायिक औषधि पसलको व्यवस्थापन गर्ने, रेखदेख गर्ने ।
- ❖ समितिको नियमित बैठक बसाल्ने ।
- ❖ पदाधिकारीहरुको बैठकमा अध्यक्षता ग्रहन गर्ने ।
- ❖ सदस्यले दिएको राजिनामा स्विकृत गर्ने वा नगर्ने बारे बैठकमा छलफल गर्ने ।

**ख) सचिवको काम र कर्तव्य:**

- ❖ सामुदायिक औषधि पसलको व्यबस्थापन गर्ने, रेखदेख गर्ने ।
- ❖ समितिको नियमित बैठकमा माइन्टिङ लेख्ने
- ❖ सामुदायिक औषधि पसलको बारे अध्यक्षलाई जानकारी दिने

**ग) कोषाध्यक्षको काम र कर्तव्य:**

- ❖ सामुदायिक औषधि पसलको व्यवस्थापन गर्ने, रेखदेख गर्ने ।
- ❖ सामुदायिक औषधि पसलको हिसाब दुरुष्त राख्ने ।
- ❖ सामुदायिक औषधिको बारेमा अध्यक्षलाई जानकारी दिने ।

घ) समितिको काम र कर्तव्यः

- सामुदायिक औषधि पसलको व्यवस्थापन गर्ने, रेखदेख गर्ने ।
- समितिको नियमित बैठकमा उपस्थित हुने ।
- सामुदायिक औषधि पसलको बारेमा बृहत छलफल गरी निष्कर्श निकाल्ने ।
- सामुदायिक औषधि पसलको समस्याको बारेमा गंगादेव गाउँ कार्यपालिकालाई जानकारी दिने
- गाउँकार्यपालिकाको बैठकमा मासिक प्रगति विवरण तयार गरि पेश गर्ने
- वितरण गरिने औषधिको गुणस्तर कायम गर्ने, सेवा प्रवाहलाई चुस्त र गुणस्तरयुक्त बनाउने ।

## ५. कोष सम्बन्धि व्यवस्थाः

क) संचालक समितिका अध्यक्ष सचिव र कोषाध्यक्षको नाममा संयुक्त खाता संचालन हुने गरि एक कोष संचालन गरिनेछ ।

ख) समितिको नाममा एउटा अविछिन्न उत्तराधिकारी वाला कोष रहनेछ । जसमा गाउँपालिका बाट प्राप्त रकम घुम्ति कोषको रुपमा रहि रहनेछ । समिति विगठन हुँदा समेत सो रकम नास नहुने गरि परिचालन गरिनेछ ।

ग) कोषबाट खर्चः गाउँपालिका बाट प्राप्त अनुदान औषधि खरिदमा मात्र लगानि गर्नुपर्नेछ । तर सुरुवाति संचालनको क्रममा अन्य स्रोत नजुटे सम्म गाउँपालिकाको अनुदान बाट समितिको कार्यालय तथा कोठा व्यवस्थापन खर्च गर्न सकिनेछ ।

## ६. कर्मचारी व्यवस्थापनः

**क)** सामुदायिक औषधि पसल संचालन गर्नका लागि समिति भित्रका सदस्यहरुबाट जिनावाङ स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी बाट पालै पालो गरि काममा बाधाँ नपर्ने गरि २४ सैं घण्टा सेवा दिइनेछ ।

**ख)** अतः भविष्यमा आवश्यक परेमा बजेटको व्यवस्था भएमा सामुदायिक औषधि पसल संचालन गर्नको लागि थप कर्मचारीको व्यवस्था गरिनेछ ।

## ७. औषधि व्यवस्थापनः

क) सामुदायिक औषधि पसलबाट नेपाल सरकारले निःशुल्क वितरणका लागि तोकेका औषधिका प्रकार बाहेकका नेपाल औषधि व्यवस्था विभागले मान्यता दिएका औषधिहरु समितिको निर्णयमा खरिद गरिने छ ।

ख) सेवा ग्राहिहरुलाई सामुदायिक औषधि पसलबाट समितिको निर्णय बमोजिम ५ देखि १०% छुटमा औषधि उपलब्ध गराइने छ ।

८. अनुगमन सम्बन्धि व्यवस्थाः

क) यस सामुदायिक औषधि पसलको व्यवस्थापन, औषधिको गुणस्तर, सेवा प्रवाहको अवस्था आदि बारे निर्णय तथा अनुगमन गंगादेव गाउँपालिका गाउँकार्यपालिका बाट नियमित रुपमा गरिनेछ ।

ख) बुदा नं ७ (क) मा व्यवस्था भए बाहेक संचालन समितिले कामको जिम्मा लिएका कर्मचारीको काम कारबाही र सेवा प्रवाहको गुणस्तर बारे जुनसुकै बेला अनुगमन तथा निर्णय गर्न सकिने छ ।

गंगादेव गाउँ कार्यपालिकाको निर्णय तथा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो गंगादेव गा.पा. सामुदायिक औषधि पसल संचालन कार्यविधि, २०७६ प्रमाणीकरण गरेको छु ।

बिजय कुमार ओली
प्रमुख प्र. अधिकृत
गंगादेव गाउँपालिका रोल्पा
मिति: २०७६/१/२०